# पान बुलेटिन

**नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन**

बर्ष २० | पौष-चैत्र २०७९ (अप्रिल २०२३) | अंक २९


## अध्यक्षको सन्देश



नेपाल जनप्रशासन संघले मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनापछि राष्ट्र र समाजप्रतिको दायित्वलाई बोध गर्दै स्वतन्त्र वैचारिक छलफलका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विचार, गोष्ठी, सम्मेलन गर्दै आएको छ । राष्ट्रिय विकास प्रक्रियाको अभिन्न अंगको रूपमा रहेको जनप्रशासनको क्षेत्रमा आवश्यक बहुपक्षिय योगदान पु¥याउने संघ एक स्वशासित, संगठित, व्यवसायिक एवंम् प्राज्ञिक संस्था हो । यस सघंले राष्ट्रिय विकासको विविध पक्षहरूसँगको समन्वय, सहकार्यमा नीति निर्माण र कार्यान्वयन पक्षको सम्बन्धमा सार्वजनिक प्रशासन र व्यवस्थापन विधाका विविध आयाममा अध्ययन अनुसन्धान, लेख, रचना, सुशासन सम्बन्धि अनुसन्धान तथा प्रकाशन गर्ने उद्देश्य लिएको छ । वि.स. २०४७ भदौ १३ गते नेपाल जनप्रशासन सघंको स्थापना भएको हो ।

गैर-नाफामुखी पेशागत संघको रूपमा स्थापित यस संघले जन-प्रशासनसँग सम्बधित विभिन्न समसामयिक विषयहरूमा प्राज्ञिक तथा व्यावहारिक विचार र दृष्टिकोणहरू आदान-प्रदान गर्ने औपचारिक थलोको रूपमा कार्य गर्दै आइरहेको छ । साथै, सार्वजनिक प्रशासन, सुशासन, राज्यको संरचनाको सम्बन्धमा रहेर छलफल, नीति निर्माणको मुल्याङ्कन गर्दै राज्य व्यवस्थालाई झकझकाउने र शासन सञ्चालनमा तालिम, सेमिनार, छलफल कार्यक्रममा सहकार्य गर्ने गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो विकास, सुशासन, समृद्धि र मानव अधिकार, सक्षम न्यायपालिका लगायतको लक्ष्य प्राप्तिका लागि राज्य प्रणाली अग्रसर छ । प्रस्तुत सन्दर्भमा सरकारका तीनै तह क्रमशः संघ, प्रदेश, स्थानीय तहसँग संघले उचित तालमेलसहित कार्यहरू गरिआएको छ ।

नेपालको प्रशासन र व्यवस्थापनको क्षेत्रमा संघले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस सन्दर्भमा, नेपाल सरकारलाई समय- समयमा नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनका सम्बन्धमा व्यवसायिक पृष्ठपोषण गर्दै आएको छ । साथै, आजको सूचना र प्रविधिको समयमा online मार्फत पनि छिटो छरितो, पारदर्शिता, जनमुखी, प्रतिस्पर्धी जनशक्तिको विकासमा संघले सघाउँदै आएको छ । अन्त्यमा, तीनै तहका सरकारलाई प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग समन्वय, अध्ययन, अनुसन्धान, नीति निर्माण, तालिम, सेमिनार, गोष्ठि जस्ता विविध आयाममा विशेषज्ञ सेवा प्रदान गर्न र पृष्ठपोषणको लागि संघ सदैव तत्पर र प्रतिबद्ध रहेको छ ।

**- कृष्णहरि बास्कोटा**
अध्यक्ष

## बार्षिक साधारण सभा सम्पन्न

मिति २०७९ पौष १५ का दिन नेपाल जन-प्रशासन संघ (PAAN) का अध्यक्ष कृष्णहरि बास्कोटाको सभापतित्वमा संघको २३औं साधारण सभा एवमं "Political transitions and Nepal's upcoming Government: Challenges and Opportunities" विषमा १८ औं राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । बानेश्वर स्थित अर्पण व्याङक्वेटमा आयोजित कार्यक्रम दुई सत्रमा सम्पन्न भएको थियो । साधारण सभाको पहिलो सत्रमा संघका उपाध्यक्ष प्रा.यशोदा काफ्लेले स्वागत मन्तव्य, महासचिव मुकुन्द प्रसाद निरौलाले वार्षिक प्रतिवेदन सहित विधान संशोधन प्रस्ताव पेश गर्नुभएको थियो भने संघका कोषाध्यक्ष दिलिपराज पौडेलले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो । सोही अवसरमा अध्यक्ष बास्कोटाले संघद्वारा प्रकाशित पान जर्नल २०७९ र पान बुलेटिन २०७९ को विमोचन गर्नुभएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा निर्वाचन आयोगका प्रमुख आयुक्त माननीय दिनेश कुमार थपलियाको प्रमुख आथित्यतामा डा.चन्द्रदेव भट्टले राजनीतिक संक्रमण र नेपालको आगामी सरकारका चुनौती र सम्भावना विषय अन्तर्गत निर्वाचन पछिको सरकारको समिकरण विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने डा.हिरामणि घिमिरे र कृष्ण ज्ञवालीले कार्यपत्र उपर टिप्पणी गर्नु भएको थियो । प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले जनताको आवाजको सार्थकतासँगै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन निर्वाचनको परिणामले योगदान पुरयाउने बताउनु भयो । साथै, उहाँले स्थानीय तहलाई दलिय राजनीतिबाट मुक्त गर्न आग्रह गर्नुभयो । वि.सं. २०४८ सालको राजनीतिक परिवर्तनपछि रूप पक्ष, समय, स्थान फेरिए पनि अवस्था उस्तै रहेको उहाँको टिप्पणी थियो ।

कार्यक्रममा नेपाल जन-प्रशासन संघलाइ सहयोग गर्ने बिभिन्न व्यक्ति तथा संघ-संस्थालाई कदर-पत्र प्रदान गरिएको थियो । संघले आयोजना गरेको तालिममा निःशुल्क प्रशिक्षण सेवा प्रदान गरेका डा.हिरामणि घिमिरे, रेश्मीराज पाण्डे, पूर्णचन्द्र भट्टराई, कृष्णहरि बास्कोटा, दीक्षा थापालाई कदर पत्र प्रदान गरिएको थियो भने पान जर्नलमा लेखरचना उपलब्ध गराउनु हुने सबै लेखकहरूलाई धन्यवाद सहित प्रमाणपत्र प्रदान गरिएको थियो । यसैगरी, संघले विगतदेखि दिँदै आएको स्वर्णपदक यस वर्ष त्रिभुवन विश्वविद्यालयका विकास ज्ञवालीलाई "पान स्वर्ण पदक" प्रदान गरिएको थियो भने २०७९ मंसिर ४ गते सम्पन्न राष्ट्रिय निर्वाचनमा संघले खटाएका ४७ जना पर्यवेक्षकहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो ।


प्रकाशकः
**नेपाल जन-प्रशासन संघ**
**Public Administration Association of Nepal (PAAN)**
हरिहर भवन, ललितपुर, नेपाल

# PAAN Talk कार्यक्रम

नेपाल जनप्रशासन संघ (PAAN) ले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामयिक विषयवस्तुमा जनप्रशासन, सार्वजनिक सेवा, नेपालको प्रशासन र व्यवस्थापनको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गदै आएको छ । जनप्रशासन, सेवा प्रवाह, सुशासन, जिम्मेवारी बोध, पारदर्शिता, सार्वजनिक प्रशासन र व्यवस्थापनको छलफल कार्यक्रम आयोजना गर्ने गरेको छ । नवनिर्वाचित ११ औं कार्यसमितिले २०७९ पुस देखि चैत्रसम्ममा देहायमा उल्लेखित कार्यक्रम सम्पन्न गरेको छ ।

मिति २०७९/१०/४ गते बुधवार "Motivational tips for Successful Manager" विषयमा पोखरा विश्वविद्यालयको व्यवस्थापन संकायका डिन डा. दयाराज ढकालज्यूको प्रस्तुतीकरण रहेको । छलफलको मूलभावः सफलताको लागि मानवीय संवेदनशीलता हुनुपर्छ । कुनै पनि काम गर्दा स्वतन्त्र भएर काम गनुपर्छ । हरेक व्यक्तिमा तीन वटा बल हुन्छ बहुबल, बुद्धिबल, आत्माबल हुन यी मध्येमा महत्वपूर्ण भनेको आत्माबल हो । मानब जीवनमा आत्मबल हुनुपर्छ र स्वतन्त्र भएर कार्य गर्नुपर्छ । मेरो काम हो, मैले गर्नुपर्छ भन्ने भावनाले स्वच्छ, निश्पक्ष, सरल, आन्दित, मेहनत, मानसिक रूपमा स्वतन्त्रपूर्वक कार्य सम्पन्न गनुपर्छ । टिममा मिलेर काम गर्ने कुनै पनि कार्य गर्दा दायित्व बोध गर्नुपर्छ ।

PAAN Talk कार्यक्रमलाई नियमित गर्ने सन्दर्भमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) सँगको सहकार्यमा मिति २०७९ माघ २० गते शुक्रवार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) र नेपाल जन-प्रशासन संघ (PAAN) ले संयुक्तरूपमा "संघीय नेपालमा सार्वजनिक प्रशासन" विषयक कार्यक्रको आयोजना गरेको थियो । "संघीय नेपालमा सार्वजनिक प्रशासन" विषयक छलफल कार्यक्रयममा कार्यपत्र प्रस्तोता डा. हिरामणि घिमिरे र टिप्पणीकर्ता कृष्णहरि बास्कोटा रहेको उक्त कार्यक्रममा बौद्धिक जगतका सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनालले गर्नुभएको थियो ।

कार्यक्रमकै मूलभावः नेपालमा संघीयताको अभ्यासमा केन्द्रिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बीचमा समन्वय भएको पाइन्छ । यी तीन तहमा सम्बन्ध परिवर्तन भइरहेको हुन्छ । तीन तहको कार्यक्षेत्र फरक छ । तर, सबै तह बराबर हुन । अधिकार जनसमक्ष पुग्ने स्थानीय तहमा हुनुपर्छ । बहुसंख्यकले अल्पसंख्यको हितको संरक्षण गरिरहेको हुन्छ । सत्तामा जो भए पनि सिमान्तकृत समुदायको लागि कार्य गरेको हुन्छ ।

मिति २०७९/१०/२५ गते बुधवार नेपाल एयरलाइन्सका पूर्व निर्देशक एवं सिनियर क्याप्टेन कृष्ण विक्रम पौडेल क्षेत्रीज्यूबाट "Aviation in Nepal and it's Challegens" विषयमा प्रस्तुतीकरण रहेको थियो । उहाँले नेपालमा एयरलाइन्सको चुनौती मौसम प्रतिकुल, कम दृश्यता हिमाली भूगोल अवस्था र नेपालको भौगोलिक संरचना नेपालमा उडानको लागि खतरनाक रूपमा रहेको छ भन्ने जस्ता विषयमा प्रवचन दिदै उड्डयनले मात्र विश्वव्यापी यातायात नेटवर्क प्रदान गर्दछ, जसले यसलाई विश्वव्यापी व्यापारको लागि आवश्यक बनाउँछ । यसले आर्थिक बृद्धि, रोजगारी सिर्जना र अन्तराष्ट्रिय व्यापार र पर्यटनलाई सहज हुने बताउनु भएको थियो ।

मिति २०७९/१२/१ गते बुधवार "Micro finance and current scenario" विषयक कार्यक्रममा नेपाल राष्ट्र बैंकका, लघुवित्त सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री रेवती प्रसाद नेपालज्यूबाट लघुवित्तको वर्तमान परिदृश्यको विषयमा प्रस्तुती रहेको । कार्यक्रमको मूलभावः लघुवित्तले सेवाका माध्यमबाट गरिबी न्यूनिकरणमा सघाउ पुर्‍याउने लक्ष्य रहेको छ । संस्थागत रूपमा नेपाल लघुवित्त क्षेत्रमा वाणिज्य बैंकहरू, ग्रामीण विकास बैंकहरू, निजी अन्य लघुवित्त विकास बैंकहरू, ग्रामीण स्वावलम्बन कोष, वित्तीय मध्येस्ताको काम गर्ने गैरसरकारी संस्थाहरू तथा साना किसान सहकारी संस्था र लघुवित्त सम्बन्धित विभिन्न कार्यक्रम संलग्न रहेका छन् । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिले उद्यमशीलताको विकास र साना तथा मझौला उद्यममा सकारात्मक भएको छ । जनविश्वासको वातावरण सिर्जना गनुपर्छ । नेपालको बैंक प्रणाली राम्रो छ स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ । नेपाल राष्ट्र बैंकको नीति राम्रो रहेको छ । बैंकहरू एक आपसमा गाभिने कारण बैंक डुब्न पाउँदैन भन्नु भएको थियो ।

मिति २०७९।१२।०८ का दिन महालेखा परीक्षकको कार्यालय र नेपाल जन-प्रशासन संघद्वारा संयुक्त रूपमा महालेखा परीक्षकको कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा **वित्तीय अनुशासनको आवश्यकता र महत्व** बिषयमा महालेखा परीक्षक माननीय श्री टंकमणि शर्मा दंगालज्यू र नेपाल जन-प्रशासन संघका सभापति श्री कृष्णहरि बास्कोटाज्यूको प्रस्तुति रहेको थियो । उक्त कार्यक्रममा मा.महालेखा परीक्षकज्यूले वित्तीय अनुशासन कायम गर्नका लागि महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता, पारदर्शिता र औचित्यताको आधारमा लेखापरीक्षण गर्ने गर्दछ भन्दै वित्तीय अनुशासनका खातिर विभिन्न औजारहरूको प्रयोग गरिएको बताउनु भयो । साथै, उहाँले बढ्दो बेरूजुको बारेमा चर्चा गर्दै चिन्ता व्यक्त गर्नुभएको थियो । यसैगरी, वित्तीय अनुसाशनका लागि वजेट निर्माण, विनियोजन, खर्च र उपलब्धीको मुल्याङ्कन समेतको असर र प्रभाव मुल्याङ्कन गर्ने पद्धतिको विकास र इमान्दारीतापूर्वक पालना गरेमा वित्तीय अनुशासनको सार्थकता हुने विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

## नेपाल जन-प्रशासन संघको आजीवन सदस्यता प्रदान

नेपाल जन-प्रशासन संघको आजीवन सदस्यता प्राप्त गर्नुहुने तपसिलमा उल्लेखित सबै सदस्यलाई हार्दिक बधाई सहित सक्रिय भूमिका निर्वाह गरि संघलाई जीवन्त राख्न यहाँको सहयोगको अपेक्षा सहित नेपाल जन-प्रशासन संघ परिवारमा स्वागत छ ।

क) कीर्ति सुवेदी
ख) प्रेम बहादुर गिरी
ग) दिक्षा थापा
घ) हरिभक्त शाही
ङ) गणेश विक्रम शाह
च) गोकर्ण मणि दुवाडी
छ) महेन्द्र कुमार थापा
ज) राजेन्द्र अधिकारी
झ) प्रभा मिश्र
ञ) रमेश सुवेदी
ट) बलदेव गौतम
ठ) चन्द्रिका पण्डित
ड) डा. ऋषिकेश पन्थी
ढ) दिपेश न्यौपाने
ण) रजनी रेग्मी

# संघका विभिन्न क्रियाकलापका केही झलकहरु












## बधाई तथा शुभकामना



साल्ट ट्रेडिङ्ग कपेरिशन लिमिटेडको सञ्चालक समितिले मिति २०७९/१२/२६ गतेको निर्णयानुसार श्री प्रदिपलाल श्रेष्ठलाई अध्यक्ष पदमा नियुक्त हुनु गरेकाले उहाँलाई हार्दिक बधाई सहित सफल कार्यकालको लागि शुभकामना।

**नेपाल जन प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर।

## नवबर्ष २०८० को उपलक्ष्यमा संघका सदस्यहरु एवं सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य, दीर्घायु, सुख, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना ।

**सम्पर्क:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
हरिहर भवन, पुल्चोक, ललितपुर।

## श्रद्धाञ्जली



यस संघका पूर्व अध्यक्ष एवम् वर्तमान कार्यसमितिका सदस्य प्रा.चुडाराज उप्रेतीज्यूको मिति २०७९/११/०८ गतेका दिन भएको दु:खद् निधनले नेपाल जन-प्रशासन संघलाई अपूर्णिय क्षति भएको छ। यस दु:खद् घडीमा दिवंगत मृतात्माको चीर शान्तिको कामना एवम् श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेपाल जन प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर।

## सदस्यता अद्यावधिक सम्बन्धी जरुरी सूचना

यस संस्थाको हाल कायम सदस्यहरुमध्ये केही विदेशमा स्थायी बसोबास गरी बसेको, केहीको मृत्यु भएको, केही नेपालमै भएता पनि सम्पर्कमा नरहेको तथा ठेगाना र सम्पर्क नम्बर परिवर्तन भई पत्राचार गर्न कठिन भएको कारणले सबै सदस्यहरुले www.paan.org.np मार्फत वा इमेल ठेगाना paan.kathmandu@gmail.com मार्फत आफ्नो विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ।

**आयोजक:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
पुल्चोक, ललितपुर। ०१-५४२४४७०











## नेपाल जनप्रशासन संघका सेवाहरु

- सार्वजनिक प्रशासन व्यवस्थापन तथा अन्य समसामायिक विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने। वैदेशिक तालिममा सहभागिताको लागि सहजीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य।
- अध्ययन, अनुसन्धान, नीति, नियम, O&M र अन्य विविध विषयमा विज्ञ तथा परामर्श सेवा सम्बन्धी कार्य।

**सम्पर्क:**
**नेपाल जन-प्रशासन संघ (PAAN)**
हरिहर भवन, पुल्चोक, ललितपुर।
इमेल: paan.kathmandu@gmail.com
फोन : ०१-५४२४४७०